
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत ९ गते बिहीबार ❑ 23 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पाटा बार्षिक शिखर सम्मेलन तथा एडभेन्चर मार्ट पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) को वार्षिक शिखर सम्मेलन पोखरामा हुने भएको छ । आगामी मे २९ देखि जुन १ (जेठ १५ देखि १८ गते) सम्म पोखरा र समग्र नेपालको पर्यटन प्रबर्द्धन गर्ने उद्धेश्यले उक्त सम्मेलन नेपालमै पहिलो पटक र तेश्रो संस्करणको एडभेन्चर मार्ट समेत हुने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो ।

नेपालको मुख्य पर्यटकीय स्थल पोखरामा हुने उक्त कार्यक्रमले हाल कोभिड–१९ र आर्थिक मन्दिको प्रभावलाई केही हदसम्म चलायमान बनाउन मद्धत पुग्ने नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख डा.धनन्जय रेग्मीले बताए । उनले भने "कोभिड-१९ पछि प्रभावित भएको नेपालको समग्र पर्यटन क्षेत्र र मुख्यगरी गण्डकी प्रदेश र प्रदेश राजधानी पोखराको पर्यटनका लागि मार्ट र शिखर सम्मेलन कोसेढुङ्गा हुने सावित हुने छ ।"

करिब १५ देशका ३ सय भन्दा बढी अन्तराष्ट्रिय प्रतिनिधि सहभागिा हुने उक्त कार्यक्रमले नेपाली तथा अन्तर्राष्ट्रिय व्यापारलाई एउटै प्लेटफर्ममा भेला हुने र काम गर्ने अवसर प्रदान गर्ने उनले विश्वास व्यक्त गरे । उक्त कार्यक्रम पोखरामा भव्य रुपमा सम्पन्न गर्दा नेपालको पर्यटनमा थप माइलेज बढ्ने उनले दाबी गरे । यस्ता कृयाकलापले पर्यटक आगमनमा सन् २०२३ को अन्त्यसम्ममा नेपालको पर्यटन कोभिड-१९ पूर्वको अवस्थामा पुग्न सकिने कार्यकारी प्रमुख



डा.रेग्मीले बताए ।

एडभेन्चर मार्टमा विश्वभरका तीन सय अन्तर्राष्ट्रिय प्रतिनिधिको सहभागितामा उक्त कार्यक्रम पोखरामा हुनुले पोखरा सहित नेपालको समग्र पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने पाटाका इन्टर नेसनलका सचिव सुमन पाण्डेले बताए । प्रकृति र संस्कृतिको धनि पोखरामा उक्त कार्यक्रमको अवसरमा पर्यटन प्रबर्द्धन, दिगो पर्यटन, सङ्कट व्यवस्थापन, हवाई सुरक्षा, साहसिक खेल प्रबर्द्धन, पर्वतीय पर्यटन, सामाजिक संजाल लगायतका विषयमा गहन छलफल हुने भएको उनले जनाए । पोखरा महानगरपालिका मेयर धनराज आचार्यले उक्त कार्यक्रमले पोखरामा पर्यटन प्रबर्द्धन गर्ने हुदा आवश्यक सहयोग गर्ने बताए । पोखरालाई स्थानिय तह पोखरा महानगर र प्रदेश सरकार गण्डकी प्रदेशले पर्यटनको राजधानिको रुपमा मान्दै आए पछि संघ सरकारले घोषणा गर्न ढिला गरेको गुनासो गर्दै मेयर आचार्यले अब स्थानिय रुपमा उक्त घोषणा सहित पर्यटन प्रबर्द्धनमा लाग्ने समय आएको बताए । पोखरामा अन्तराष्ट्रिय सभा सम्मेलन गर्नको लागि आगामी २ बर्ष भित्र पूरा हुने गरी १ अर्ब ६५ करोडको लागतमा २ हजार ५ सय सिट क्षमताको सभाहल निर्माणको प्रकृयामा रहेको उनले बताए । पोखरामा रात्रिकालीन हवाई उडान सुरु भएसंगै पर्यटन आगमनमा केही बृद्धि भएको मेयर आचार्यको भनाई छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निर्देशक काशीराम भण्डारीले पाटाको उक्त कार्यक्रम पश्चात नेपालको पर्यटन सन् २०१९/०२० को अबस्थामा पुग्ने विश्वास व्यक्त गरे । उक्त कार्यक्रममा प्रसिद्ध ब्लगरहरुको समेत सहभगिता हुने कार्यक्रम पछि लुम्बिनी, चितवन, बर्दिया, जोमसोम लगायतकाठाँउमा अध्ययन अवलोकन तथा भ्रमण गर्ने कार्यक्रम तय गरिएको पोखरा पर्यटन परिषदका महासचिव संजयकान्त सिग्देलले जनाए । पहिलो पटक नेपाल सरकार, पर्यटन बोर्ड तथा पाटाको मुख्य आयोजनामा हुने कार्यक्रमको स्थानीय संयोजन पोखरा परिषद्ले गर्ने भएको कार्यवहाक अध्यक्ष कृष्ण भण्डारीले बताए । शिखर सम्मेलनका लागि नेपाल पर्यटन बोर्डका अध्यक्ष समेत रहेका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवको अध्यक्षतामा मूल आयोजक समिति गठन गरिएको र समितिमा पर्यटनसँग सम्बन्धित विभिन्न सङ्घसंस्था सदस्यको रुपमा रहेको कार्यकारी प्रमुख डा.रेग्मीले बताए । नेपालले सन् १९७५ मा पाटा इन्टरनेसनलको सदस्यता लिएको थियो ।

## पाल्पाका खानेकुरा र बस्तु अब पोखराको पाल्पा हाउसमा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

नेपाली कला संस्कृति र छुट्टै पहिचान भएको पाल्पा जिल्लाको बस्तु तथा खानेकुरा अब पोखराको न्युरोड स्थित पाल्पा हाउसमा उपलब्ध गराएको छ ।

पाल्पा हाउस प्रालिले पाल्पाका बस्तु तथा खानेकुरा एवं पाल्पाको पहिचानलाई अब पोखराबाट बजारीकरण तथा प्रमोशन गर्ने भएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा पाल्पा हाउस प्रालिका अध्यक्ष कुलप्रसाद घिमिरेले बताए ।

मायाको प्रतीक रानीमहलको झल्को दिने गरी निर्माण गरिएको पाल्पा हाउसको भवनमा 'रानीमहल रेष्टुरेन्ट' बाट पाल्पाली परिकार चुकाउनी, बटुक, मिसमास, छोयला लगायत चलन चल्तीका खानाका विभिन्न स्वाद पस्किने अध्यक्ष घिमिरेले जनाए । उनले भने "पाल्पा र पोखरा बीच पुरानो सम्बन्ध हो, पहिले पोखरेली पढ्न पाल्पा



जान्थे, समयक्रमसँगै विभिन्न कामकाजको सिलसिलामा पाल्पालीहरु पोखरा झरे ।" गण्डकी प्रदेशको राजधानि एवं पर्यटकीय स्थल पोखरा र लुम्बिनी प्रदेशको अर्को पर्यटकीय स्थल तानसेनलाई जोड्न पोखरामा पाल्पा हाउस संचालमना ल्याएको अध्यक्ष घिमिरेले जनाए ।

जन्म जिल्ला पाल्पा र कर्म जिल्ला कास्की क्षेत्रमा उत्पादित बस्तु तथा स्थानको पहिचान गराउने उद्धेश्यले पोखरामा पाल्पा हाउस संचालनमा ल्याएको उनले बतए । दुबै जिल्लाको बस्तु तथा सेवा, एवं खानाको परिकारको संगै कला संस्कृति समेत प्रबर्द्धन गर्न आफुहरुले उक्त क्षेत्रमा १७ वटा स्टलहरु संचालनमा ल्याएको उनले जनाए । पाल्पा जिल्ला घर भई हाल पोखरामा विभिन्न पेसा, व्यवसाय, अध्ययनको सिलसिलामा पाल्पाली समाज पोखरा स्थापना भएसंगै सम्पर्क समाजहरु मध्य सबैभन्दा पुरानो समाज भएको दाबी गरेका अध्यक्ष घिमिरेले पाल्पाली बहुउद्देश्यीय सहकारी संस्था लि.र पाल्पाली कोलोनी खुलेको जनाए । पाल्पाली चिनारीहरु ढाका, करुवा लगायत फलफूल तथा कृषिजन्य उत्पादनहरु पाल्पाकै सुपथ मूल्यमा यहीबाट उपलब्ध गराइने भएको छ । त्यस्तै कास्कीको पहिचान जेठोबुढो तथा विभिन्न कृषि उत्पादनको बजारीकरण गरिने भएको छ । एकै छानामुनि विभिन्न सेवा दिने उद्देश्यले पाल्पा हाउसमा कुल १७ सटरमा विभिन्न प्रकृतिका पसलहरु संचालित छन् । समग्रमा पाल्पा हाउसले कास्की र पाल्पामात्र नभै गण्डकी र लुम्बिनी प्रदेशकै पर्यटन प्रवर्द्धन सहित आर्थिक गतिविधिमा टेवा पुऱ्याउने हाउसका खेम सारुले विश्वास व्यक्त गरे । भविष्यमा पाल्पा हाउस मुलुकका विभिन्न सहरमा पनि बिस्तार गर्दै जाने आफुहरुको योजना भएको उनले जनाए । यसैबिच उक्त पाल्पा हाउसको एक समारोहका बिच यही चैत १० गते शुक्रबार पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य र तानसेन नगरपालिकाका मेयर सन्तोषलाल श्रेष्ठले उद्घाटन गर्ने भएको उनले जनाए । उक्त हाउसको उद्घाटनको अवसरमा एक सातासम्म १० प्रतिशतसम्म बिषेश छुटको व्यबस्था मिलाएको अध्यक्ष घिमिरेले जनाए । दुई तले पक्की उक्त भवन निर्माणमा करिब २ करोडको लगानी भएको उनले जनाए ।

## तनहुँ–१ मा उपनिर्वाचनको तयारी सुरु

**पोखरापत्र संवाददाता**
दमौली, ८ चैत

तनहुँ क्षेत्र नं १ को उपनिर्वाचनका लागि मिति घोषणा गरिएसँगै राजनीतिक चहलपहल सुरु भएको छ । निर्वाचन आयोगले तनहुँ-१ मा आगामी वैशाख १० गते उपनिर्वाचन घोषणा गरेसँगै राजनीतिक चहलपहल सुरु भएको हो ।

क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित हुनुभएसँगै रिक्त भएको यो क्षेत्रमा निर्वाचन आयोगले उपनिर्वाचन गर्न लागेको हो । रिक्त हुने प्रतिनिधिसभा सदस्य पदमा नेपालको संविधानको धारा, ८४ को उपदफा (७) बमोजिम प्रतिनिधिसभा कार्यकाल छ महिनाभन्दा बढी बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट निर्वाचित भएको हो सोही प्रक्रियाबाट पूर्ति गरिने व्यवस्था रहेबमोजिम यो क्षेत्रमा उपनिर्वाचन हुन लागेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो । निर्वाचन प्रयोजनका लागि निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूलाई आजदेखि यही चैत १२ गतेसम्म नेपालको संविधानको धारा, २७१ तथा राजनीतिक दलसम्बन्धी ऐन २०७३ बमोजिम दफा ४८ र ४९ बमोजिम दल दर्ता गर्ने समय उपलब्ध गराउने निर्णय भएको छ । उपनिर्वाचनका लागि तनहुँमा चैत १८ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिनेछ । त्यस्तै, २० गते उम्मेदवारी दर्ताको कार्यक्रम छ । चैत २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरी निर्वाचन चिह्न प्रदान गरिनेछ । उपनिर्वाचनका लागि निर्वाचन कार्यालयले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्याङ्जामा स्ववियुमा नेविसंघको बर्चस्व

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ८ चैत

१४ बर्षपछि भएको स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघले अधिकांश क्याम्पसमा बर्चस्व जमाएको छ । विद्यार्थीका हक अधिकार सुनिश्चित गर्न सहज होस भन्ने उदेश्यले स्थापना गरिएको स्वतन्त्र विद्यार्थी युनियनमा नेविसंघले अधिकांश क्याम्पसमा पुरानो बिरासत फर्काएको छ ।


स्याङ्जामा ७ ओटा बहुमुखी क्याम्पसमा स्ववियु निर्वाचन सम्पन्न भएका छन् । ४ ओटामा सर्वसहमति र ३ ओटामा निर्वाचन भएको थियो । ७ क्याम्पसमा ५ ओटामा नेविसंघले बिजयी हासिल गरेको छ भने २ ओटामा अनेरास्ववियुले बिजयी हासिल गरेको छ । नेविसंघले त्रिभुवन आर्दश, वालिङ, गल्याङ्, मालुङ्गा सार्वजनिक र राधादामोदर बहुमुखी क्याम्पसमा स्ववियुको नेतृत्व लिन सफल भएको छ भने सिद्धार्थ र मिर्मि बहुमुखी क्याम्पसमा अनेरास्ववियुले स्ववियुको नेतृत्व लिन सफल भएका छन् ।

३० बर्षदेखी एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुले



नेतृत्व लिदै आएको वालिङ बहुमुखी क्याम्पसमा यो पटक नेविसंघले प्यानलनै जितेर आफ्नो बिरासत फर्काएको छ । नेपालकै जेठो सामुदायीक वालिङ बहुमुखी क्याम्पसमा २०५२ सालदेखी स्ववियुको नेतृत्व लिएर एकाधिकार जमाउदै आएको अनेरास्ववियुको बिरासत २०७९ चैत्र ५ गतेको स्ववियु निर्वाचनले नेविसंघ बिजयी भएपछि अन्त्य भएको छ । २०४९ सालमा भएको स्ववियु निर्वाचनमा नेविसंघको नेतृत्व अहिले सम्म अन्तिम थियो । ३० बर्षको अनेरास्ववियुको एकाधिकार नेविसंघका सन्दिप कडेलले तोडिदिएका छन् । क्याम्पसको स्ववियु सभापतिमा नेविसंघका कडेलको नेतृत्व सहित प्यानलनै बिजयी भएका छन् । नेपाली काँग्रेस निकट विद्यार्थी संगठन नेविसंघले ३० बर्षपछि स्ववियु निर्वाचन जितेपछि आफ्नो पुरानो बिरासत फर्काउन सफलता मिलेको नेविसंघका नेता विश्वास लम्सालले बताए । क्याम्पस व्यवस्थापन, क्याम्पस प्रशासन सहित स्ववियुमा झण्डै ८० प्रतिशत एमाले समर्थक रहेको क्याम्पसमा स्ववियु निर्वाचनले नेविसंघलाई नेतृत्व दिएपछि अब विद्यार्थीमा न्याय हुने लम्सालले बताए । अब विद्यार्थी, व्यवस्थापन समिति र प्रध्यापकहरु मिलेर क्याम्पसको आर्थिक, शैक्षिक उन्नयनमा हातेमालो गरेर अगाडी बढ्ने लम्सालले बताएका छन् ।

वालिङ बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको अध्यक्षमा सन्दिप कंडेल, सचिवमा राजिन कुँवर, कोषाध्यक्षमा सुमना लामिछाने बिजयी भएका छन् । सदस्यहरुमा अस्विनकुमार रेग्मी, बादल लामिछाने, ओमप्रसाद गुरुङ्, दिपा डाला मगर, आकृति पाण्डे, सविना सुनार निर्वाचित भएको निर्वाचन समितिले जनाएका छन् । कुल १ हजार २३ मतदाता रहेको क्याम्पसमा ७ सय ६६ जनाले मतदान गरेका थिए । ७४ प्रतिशत मत खसेको मतदानमा समानुपातिकमा पनि नेविसंघ नै अगाडी रहेको छ । स्ववियु निर्वाचनमा निर्वाचित भएपछि सभापति सन्दिप कंडेलले विद्यार्थीको हकहित र अधिकारका लागि सदैव लडिरहने प्रतिवद्धता व्यक्त गरेका छन् । स्वास्थ्य बिमा, यातायातमा ४५ प्रतिशत छुट र सर्टिपिकेट राखेर सहुलियत कर्जा दिने बिषयलाई मेरो कार्यकालमा सफल बनाउने योजना रहेको उनले बताए । क्याम्पस भित्र हुनेगरेका बेथितीको अन्त्य गर्दै राजनीति भन्दा पनि शैक्षिक गतिविधिलाई प्रथामिकता दिएर अगाडी बढ्ने उनले बताए ।

# क्षत्री समाजको केन्द्रिय परिषद सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

क्षत्री समाज नेपालको राष्ट्रिय परिषद भेला सम्पन्न भएको छ । राष्ट्रिय परिषदले विगतमा सरकारसँग भएको सम्झौता र मागहरु पुरा गराउन दबाब दिने निर्णय भएको केन्द्रिय उपाध्यक्ष एवं प्रचार विभाग प्रमुख कृष्ण बहादुर थापाले बताए ।

आमखस क्षत्री जातीलाई आदिवासीमा सुचिकृत गरिनुपर्ने, राज्यले दिदै आएको आरक्षणको वयवस्था वर्गीय रुपमा गर्नुपर्ने, खस र आर्यको व्यवस्था अलग अलग हुनुपर्ने निर्णय भएको समाजका केन्द्रिय अध्यक्ष प्रा.डा. दिलबहादुर क्षत्रीले बताए । राष्ट्रिय एकता र जातीय सद्भावका लागि राष्ट्रियता विरोधी गतिविधि रोक्नुपर्ने निर्णय भएको समाजका महासचिव केश बहादुर के.सि.ले बताए । दुई दिनसम्म भएको राष्ट्रिय परिषदमा



पहिलो दिन बृहत र्‍याली सहित बुटवल बजारको परिक्रमा सहित सभामा परिणत भएको थियो । सो सभालाई सर्वोच्च अदालतका पूर्व न्यायधिष तेज बहादुर के.सि.ले राष्ट्र निर्माणमा क्षत्री जातीको भूमिका महत्वपूर्ण रहेकोमा केही क्षत्री अवसर पाए बनेर आम क्षत्रीलाई पछि पार्ने काम राज्यपक्षबाट हुनु दुखदायी भएको बताए ।

कार्यक्रममा पूर्व गभर्नर दिपेन्द्र बहादुर क्षत्रीले देशको समग्र विकासमा सबै जातीको एकतामा समाजले लिएको जातीय सद्भावको भूमिका महत्वपूर्ण रहेको बताए । नेपाली काँग्रेसका नेता जगदीश्वरनर सिंह के.सी. र बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले सबै जातीको एकतामा खलल नपुग्ने गरी क्षत्री समाजले काम गर्नुपर्नेमा जोड दिए । समाजका अध्यक्ष प्रा.डा. दिलबहादुर क्षत्रीको सभापतित्वमा भएको कार्यक्रममा समाजका सल्लाहकार शोभियतबहादुर अधिकारी, वरिष्ठ अधिवक्ता बुद्ध बहादुर थापा, केन्द्रिय उपाध्यक्षहरु कृष्ण बहादुर थापा, विष्णु बहादुर कार्की, लक्ष्मी पाण्डे, महासचिव केश बहादुर के.सि., कोषाध्यक्ष रवि बहादुर थापा, गण्डकी प्रदेश अध्यक्ष वेनी बहादुर बस्नेत, क्षत्री महिला समाजका अध्यक्ष उर्मिला खड्का, सचिव हिमाल खड्का, नवलपरासीका अध्यक्ष मनोज कार्की, संयुक्त खस समाजका अर्जुन बहादुर अधिकारी, रुपन्देही जिल्ला अध्यक्ष गुप्त बहादुर कार्की लगायतले आ आफ्नो धारणा राखेका थिए ।

परिषदले महासचिवद्वारा प्रस्तुत संस्थागत, कोषाध्यक्षद्वारा प्रस्तुत लेखा प्रतिवेदन सहित विधान संशोधन प्रस्तावलाई पारित गरेको छ । समाजद्वारा प्रकाशित क्षत्री आवाजको विमोचन सहित समाजका अग्रज र उत्कृष्ट जिल्लासहित सहयोगीहरुलाई सम्मान गरिएको थियो ।

# लेकसिटीका विद्यार्थी पोखरा विद्धाश्रममा

**रन्जिता आचार्य**
पोखरा, ८ चैत

'सामाजिक कार्य द्वारा विविधताको सम्मान' भन्ने मूल नाराका साथ लेकसिटी कलेज एण्ड रिसर्च सेण्टरका विद्यार्थी सामाजिक कार्य दिवस मनाउन पोखरा बृद्धाश्रम पुगे ।

पोखरा महानगरपालिका वडा नं १७ सितापाइला स्थित बृद्धाश्रममा हालै विद्यार्थीहरु पुगेका हुन् । लेकसिटी कलजेमा सामाजिक कार्य विषय अध्यायपन गर्दै आएकी शिक्षिका रोसीना कुँवरको नेतृत्वमा रही विद्यार्थीले आश्रमको भ्रमण गरे । एक सय पाँच वर्षका बाबा सँगको भेटसँगै बाबा आमाहरुको अनुहारमा विद्यार्थीहरुको क्रियाकलापले हाँसोको खित्का नै खित्का छाएकोमा शिक्षिका कुँवरले झन ठूलो खुशी व्यक्त गरिन् । विद्यार्थीहरुले आश्रमको भ्रमण मात्र नभई उपहार स्वरूप आमाहरूलाई पछेउरि ,बुबाहरुलाई ढाकाटोपी र फलफूलहरू प्रदान पनि गरे । विद्यार्थीहरुलाई त्यहाँ देख्दा आश्रममा बसोवास गर्ने आमाबुबाहरु पनि धेरै खुसी भए। आमाबुबाको मनोरञ्जनका लागि विद्यार्थीहरुले आफै गीत गाएर र मादल बजाएर उहाँहरुलाई नचाए। विद्यार्थीहरु आफै पनि



आमाबुबाकै साथ नाचगान गरी रमाइलो गरे। नाच्न नसक्ने आमाबुबा हरुले ताली बजाएर अरुको नाच हेरि मनोरञ्जन लिए। विद्यार्थीहरुले त्यहाँ उपस्थित आमाबुबा हरुसँग धेरै कुराकानी पनि गरे। उहाँहरुले आफ्नो आश्रम आउनु अगाडिका धेरै घटनाहरु सुनाए। विद्यार्थीहरुले आमाबुबा संग नाचगान गरि, रमाइलो गरि, कुराकानी गरि पुरै दिन बिताए । यसरी १०५ वर्ष पुग्नुभएको बुबाको हातबाट केक काटी सबै आमाबुबा लगायत त्यहाँका कर्मचारीलाई खुवाए । पोखरा वृद्धाश्रम विक्रम सम्वत २०५३ सालमा ऋषि केशव पराजुलीद्वारा स्थापना गरिएको हो । आश्रममा करिब २६ जना आमाहरु र २२ जना बुबाहरु बसोबास गर्छन्। आमाबुबाको हेरचाहा को लागि ७ जना कर्मचारीहरु पनि छन्। यस आश्रमका प्रबन्धक रवि प्रसाद आचार्य भन्छन "आमाबुबाको सेवामा केही पनि कमी राखेको छैन"। उनले योग तथा ध्यान शिविर, विज्ञान बाट स्वास्थ्य परीक्षण, पौष्टिक तथा जैविक आहार, मनोपरामर्श, स्टिम बाथ र मसाज जस्ता अरु पनि धेरै सेवाहरु प्रदान गरिने जानकारी दिए। वृद्धहरूको मनोरञ्जनका लागि टि.भी को व्यवस्था पनि रहेको बताए। एउटा कोठामा एकजना अथवा कुनैमा २ जना गरि बस्ने र कोठाभित्रै शौचालय रहेको जानकारी दिए।

# वडा १२ द्वारा निशुल्क चस्मा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

पोखरा महानगरपालिका-१२ द्धारा निशुल्क चस्मा वितरण गरिएको छ । वडा कार्यालयले हालै १७ जनालाई निशुल्क चस्मा वितरण गरेको हो ।

नेपाल रेडक्रस सोसाइटी पोखरा महानगरपालिका-१२ उपशाखाद्धारा ११ पुसमा वडामा आँखा शिविर गरिएको थियो । त्यतिखेर शिविरमा परिक्षण गराएका तीन सय १२ जना मध्ये १७ जनालाई चस्मा लगाउनुपर्ने समस्या देखिएकाले



मंगलबार वडामै उनीहरुलाई चस्मा प्रदान गरिएको वडाध्यक्ष सन्तोष बास्तोलाले बताए । शिविरमा गरिएको परिक्षणमा चस्मा लगाउनुपर्ने समस्या भएकालाई वडामै चस्मा दिएर सेवा गरेको उनले बताए । मानिसको संवेदनशील अंग मानिने भएकाले वडा कार्यालयको समन्वयमा नेपाल रेडक्रस सोसाइटीले पुसमा शिविर संचालन गरेको थियो । रेडक्रस सामाजिक सेवा भाव लिएर काम गर्ने संस्था भएकाले समयसमयमा शिविर गरिदै आएको नेपाल रेडक्रस उपशाखाका सभापती कुश्मराज आचार्यले बताए ।

कार्यक्रम संयोजक गोविन्द प्रसाद घिमिरेले स्थानीयलाई गाउँ घरमै गएर सेवा दिइएको बताए ।

# प्रधानमन्त्री त्रिदेशीय कपमा नेपालको जित

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

राजधानीमा बुधबारदेखि सुरु भएको प्रधानमन्त्री त्रिदेशीय पुरुष फुटबल प्रतियोगितामा नेपालले लाओसलाई पराजित गरेको । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा बुधबार भएको उद्घाटन खेलमा नेपालले लाओसलाई २-० गोलअन्तरले पराजित गरेको हो ।

नेपालको जितमा अनन्त तामाङ र नवयुग श्रेष्ठले एक-एक गोल गरे । अनन्तले खेलको पहिलो हाफमा गोल गरे भने नवयुगले खेलको दोस्रो हाफमा एक गोल थपे । खेलको ३०औँ मिनेटमा अनन्तले नवीन लामाको पासमा हेडमार्फत गोल गर्दै नेपाललाई पहिलो अग्रता दिलाए। त्यसपछि खेलको ५६औँ मिनेटमा नवयुगले गोल गरे । उनले करिब ३५ यार्डबाट प्रहार गरेको बलले सिधै जाली चुमेपछि नेपालको अग्रता दोब्बर बन्यो । त्यसपछि खेलमा गोल हुनसकेन र नेपालले लाओसविरुद्ध २-० को सहज जित हासिल गर्‍यो । खेलमा नेपालका अनन्त तामाङ म्याच अफ द म्याच घोषित भए ।

प्रतियोगितामा आयोजक नेपालसहित भूटान र लाओस गरी तीन राष्ट्र सहभागी छन् । यही चैत १७ गतेसम्म चल्ने उक्त प्रतियोगिताको विजेता टोलीले पाँच हजार अमेरिकी डलर प्राप्त गर्नेछ भने उपविजेता हुने टोलीले तीन हजार अमेरिकी डलर पाउनेछ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले पाँच सय अमेरिकी डलर र खेलको म्यान अफ दि म्याच घोषित हुने खेलाडीले २५० डलर पाउने छन् । उक्त प्रतियोगिताअन्तर्गत नेपालले आफनो दोस्रो खेल यही चैत १४ गते भूटानसँग खेल्नेछ । त्यसअघि लाओस र भूटानले यही चैत ११ गते खेल्नेछन् ।

# राष्ट्रपति पौडेल र राजदूत सोङबीच शिष्टाचार भेट

**रासस**
काठमाडौं, ८ चैत

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत छन सोङले शिष्टाचार भेट गर्नुभएको छ ।

महाराजगञ्जस्थित राष्ट्रपति भवनमा भएको भेटका क्रममा उहाँहरूबीच दुई मुलुकबीच रहिआएको द्विपक्षीय सम्बन्ध, पारस्परिक हित र चासोका विषयमा कुराकानी भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

## तनहुँ...


आवश्यक तयारी थालिसकेको छ । निर्वाचन कार्यालयका प्रमुख ढकालले उपनिर्वाचनको मिति तोकिएसँगै आवश्यक तयारीका काम सुरु गरिएको जानकारी दिनुभयो । गत मङ्सिर ४ गतेसम्म तनहुँ-१ मा एक लाख २३ हजार चार सय ९० मतदाता थिए । निर्वाचनमा ६६ हजार नौ सय ६५ मत खसेकामा नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार पौडेल २५ हजार तीन सय १८ मत प्राप्त गरी विजयी हुनुभएको थियो । प्रतिस्पर्धी नेकपा (एमाले) का एकबहादुर रानाले १९ हजार नौ सय ४३ मत प्राप्त गर्नुभएको थियो । उपनिर्वाचनका लागि नेपाली कांग्रेसबाट केन्द्रीय सदस्य गोविन्द भट्टराई, पूर्व पार्टी सभापति रघुनाथ पौडेल, संविधानसभा सदस्य रामचन्द्र पोखेल आकाङ्क्षी हुनुहुन्छ । दुई पटक पार्टीको केन्द्रीय सदस्य हुँदा पनि आफूले अवसर नपाएकाले यो पटक आफूले टिकट पाउने केन्द्रीय सदस्य भट्टराईले बताउनुभयो । भट्टराईले केही दिनअघिदेखि नै गाउँगाउँमा पुगेर मतदाता भेटघाट गरिसक्नुभएको छ । "पार्टीका सभापति शेरबहादुर देउवासँग पनि भेट गरिसकेको छु, उहाँले उपनिर्वाचनको तयारी गर्नु भनिसक्नुभएको छ, मैले टिकट पाउनेमा कुनै शङ्का छैन", उहाँले भन्नुभयो । पूर्वपार्टी सभापति पौडेलले तीन कार्यकाल जिल्लाको नेतृत्व गरेकाले आफूले टिकट पाउनुपर्ने भन्दै लबिङ थाल्नुभएको छ । आफूले अहिलेसम्म अवसर नपाएकाले एकपटक अवसर पाउनुपर्ने भन्दै उहाँ राजधानीमा नेताहरूसँग भेटघाटमा लागिसक्नुभएको छ । संविधानसभा सदस्य पोखेलले विसं २०४६ सालदेखि बहुदलीय व्यवस्था आएदेखि नै प्रतिनिधिसभाको प्रत्यक्ष निर्वाचन लड्ने चाहना रहेको बताउनुभयो । "अहिलेसम्म मैले प्रत्यक्ष निर्वाचन लड्ने अवसर पाएको छैन, यो पटक नेतृत्वले आफूलाई टिकट दिनेमा विश्वस्त छु", पोखेलले भन्नुभयो । नेकपा (एमाले) का तर्फबाट राना, रामबहादुर गुरुङ, किरण गुरुङलगायत आकाङ्क्षी हुनुहुन्छ । गत मङ्सिरमा निर्वाचन लडेर पराजित भएका रानाले पार्टीले निर्णय गरेको खण्डमा उपनिर्वाचनमा उम्मेदवार बन्ने बताउनुभयो । नेकपा (एकीकृत समाजवादी) उपनिर्वाचनमा दाबी गर्ने निर्णय गरेको छ । पार्टीका जिल्ला अध्यक्ष श्रीराम कार्कीको अध्यक्षतामा सम्पन्न बैठकले मङ्सिर ४ गतेको निर्वाचनमा तत्कालीन गठबन्धनलाई विजयी गराउन खेलेको भूमिकाका आधारमा उपनिर्वाचनमा आफूहरूले उक्त सिट पाउनुपर्ने निष्कर्ष निकालेको छ ।

तनहुँ-१ बाट निर्वाचित तत्कालीन प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठले गठबन्धनमा उक्त निर्वाचन क्षेत्र छाडेर बारा गएको र पौडेल राष्ट्रपतिमा निर्वाचित भइसकेकाले अब उपनिर्वाचनमा नेकपा (एस) का तर्फबाट उम्मेदवारी दाबी गर्ने निर्णय भएको जिल्ला अध्यक्ष कार्कीले बताउनुभयो ।

"गत निर्वाचनमा हाम्रो पार्टीले तनहुँमा एक सिट पनि पाएन, तैपनि गठबन्धनका उम्मेदवारलाई जिताउन लागिपर्‍यौं, उपनिर्वाचनमा हाम्रो सशक्त दाबा रहन्छ", कार्कीले भन्नुभयो । एकीकृत समाजवादीले आवश्यक परेको खण्डमा केन्दीय नेतालाई नै उम्मेदवारका रूपमा अगाडि सार्ने निर्णय पनि गरेको छ ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सांसदलाई क्रियाशील बनाऊ

छिनछिनमा सत्ता गठबन्धन बन्ने भत्कने गर्दा त्यसको असर सदनमा परेको छाचुनावपछि संघीय र प्रदेशका सदन सुचारु हुने विश्वास थियो । ताजा जनादेश पाएर बनेको संघीय संसद प्रतिनिधिसभा र प्रदेश सभा सरकारलाई विश्वासको मत दिने र सभामुख उपसभामुख चुन्ने काम मात्र भएको छ । सदनलाई सुचारु बनाउन विजनेश दिने काम सरकारको हो । सरकार नै अस्थिर भएकाले सदनको बैठक छल्ने र लम्ब्याउने काम भएको छातीन महिना अघि बनेको गठबन्धन भत्केर नयाँ बनेपनि भागबन्डा टुंगिएको छैन । सरकारको भागबन्डा नमिलेसम्म संसदको भागबन्डा मिल्दैन । संघीयताको वकालत गर्नेछ दल समेत प्रदेशमा केन्द्रबाट हस्तक्षेप गरेर 'खाए खा, नखाए घिच' भन्ने अवस्थामा पुर्‍याउँदै छन ।

निर्वाचनपछि प्रतिनिधिसभा सञ्चालन भएको ४ महिना बितिसकेको छ । तर 'मिनी संसदको रूपमा रहेको संसदीय समिति बन्न नसक्दा सांसदहरू काम विहीन भएका छन । एकातिर प्रतिनिधि सभामा आएको विधेयकमाथि छलफलको काम अघि बढ्न सकेको छैन भने अर्कोतिर सरकारका काम कारबाहीको निगरानी गर्ने, जनताका उजुरी लिने र त्यसमाथि छलफल गर्ने, सरकारलाई उपयुक्त निर्देशन दिने लगायतका काम कारबाहीसमेत प्रभावित भएको छ । यतिबेला प्रतिनिधि सभामा ३ वटा विधेयक दर्ता भएर प्रस्तुत भई छलफलको पर्खाइमा छन् भने केही विधेयक सन्देशसहित राष्ट्रिय सभाबाट प्रतिनिधि सभामा आएको छ । तर प्रतिनिधि सभाले २०७५ सालमा बनेको प्रतिनिधिसभा नियमावलीलाई परिमार्जन गर्न लागेका कारण संसदीय समितिहरू बन्नमा ढिलाइ भइरहेको छ । सभामुख, उपसभामुख, राष्ट्रपति, उपराष्ट्रपति निर्वाचनका कारण पनि नियमावली छिटो पारित हुन समय लागेको छ। अघिल्लो पटकको संसद्मा पनि तीन चार महिना नियमावली पारित गर्न समय लागेको थियो ।

गत पुस ७ गते प्रतिनिधि सभाका सांसदहरूले शपथ लिएका थिए । पुस २७ गते प्रतिनिधि सभाको पहिलो बैठक बसेको थियो । यसरी प्रतिनिधि सभा सञ्चालन हुन थालेको ४ महिना भइसक्दापनि संसदीय समितिहरू निर्माणको काम अघि बढ्न सकेको छैन । हाल कायम रहेको प्रतिनिधि सभा नियमावली २०७५ का आधारमा संघीय संसद् सञ्चालन भइरहेको अवस्थामा सोही नियमावलीका आधारमा संसदीय समिति निर्माण गर्न नसकिने पनि हैन । तर प्रतिनिधि सभा नियमावली २०७९ को मस्यौदा पारितपछि मात्रै संसदीय समिति गठन गर्ने तयारी गरिएको छ । नियमावली समिति बनाउनु अघिको गठबन्धन अहिले परिवर्तन भएको हुँदा अब नयाँ शर्त थपिन सक्छ।

प्रतिनिधि सभा नियमावलीको मस्यौदा पारित हुनका लागि अझै २ साता बढी समय लाग्ने देखिएको छ । गत माघ १० गते प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले विभिन्न दलका प्रतिनिधि समेटेर प्रतिनिधि सभा नियमावली मस्यौदा समिति गठन गरेका थिए । सो समितिलाई १५ दिनको समय दिएपनि झन्डै ३ साताभन्दा बढी समय लगाएर मस्यौदा बनाएको थियो । संशोधन प्रस्ताव धेरै आएमा त्यसमाथि छलफल गर्नका लागि पनि समय लाग्ने र संशोधनकर्तालाई संशोधन प्रस्तुत गर्दै छलफलमा बोल्नका लागि समय दिनुपर्ने भएकोले कम्तीमा २ वटासम्म मस्यौदा समितिको बैठक हुनसक्नेछ।त्यसपछि संशोधित नियमावलीको मस्यौदालाई सदनमा प्रस्तुत गर्नुपर्ने हुन्छ । जसका लागि अझै केही साता लाग्न सक्ने अवस्था छ । अर्कोतिर यो वर्षको हिउँदे अधिवेशन सकिने क्रममा रहेको छ ।

जेठ १५ मा बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । जसका लागि वैशाखको अन्तिम हप्ता बजेट अधिवेशन सुरु गर्नुपर्ने अवस्था रहेको छ । विगतमा बजेट अधिवेशन अघि चैतको अन्तिमतिर अधिवेशन अन्त्य गर्ने प्रचलन रहेको थियो । जसका कारण संसद्को हिउँदे अधिवेशनको अब धेरै समय छैन भन्ने स्पष्ट छ । हिउँदे अधिवेशनमा प्रतिनिधि सभा नियमावली पारित नहुने र संसदीय समिति गठन नहुने हो भने एकातिर कानुन निर्माणको काम प्रभावित हुनेछ भने सरकारका काम कारबाहीका सन्दर्भमा छलफल गर्ने, सरकारको कामको निगरानी, अनुगमन, मूल्याङ्कन गर्ने, जनताका समस्या गुनासो लगायतका सरोकारका विषयमा हुनुपर्ने छलफल समेत प्रभावित हुनेछ। संसदमा दलहरूको अवस्थामा खासै फरक नभएकाले पहिले गरेको सहमतिका आधारमा चाँडो नियमावली पारित गरेर संसदीय समिति गठन गरि सांसदहरूलाई क्रियाशील बनाउनु जरुरी छ ।

# अन्तर बटालीयन भू.पू भलिबल सुरू

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत



भारतीय दूतावास, भारतीय पेन्सन क्याम्प रामबजार पोखराको आयोजनामा बुधबारदेखि अन्तर बटालीयन भू.पू. भलिबल च्याम्पियनसीप प्रतियोगिता सुरू भएको छ ।

खेलको उदघाटन कार्यालय प्रमुख ले कर्नल प्रशान्त सिंह बघेलले प्रतियोगिताको रेफ्रीलाई बल हस्तान्तरण भएको हो ।

चैत १८ गतेसम्म चल्ने प्रतियोगितामा १६ टिमको सहभागिता रहेको छ । बुधबार ३ वटा खेल भए । २/१ जीआर र ६/८ जीआर बीच भएको पहिलो खेलमा ६/८ जीआर १५-२५, १६-२५ ले विजयी भयो । दोस्रो खेल ३/५ जीआर र ४/८ बीच भयो । जसमा ३/५ जीआर २५-१३ र २८-२६ ले विजयी भयो । त्यस्तै आयोजक भारतीय पेन्सन क्याम्प टिम र ४/१ जीआर बीच भएको तेस्रो खेलमा आयोजक भारतीय पेन्सन क्याम्प २५-१७, र २१-२५ र २६-२४ ले विजयी भयो । विजेताले नगद रु ४० हजार शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने दोस्रो हुने टिमले २५ हजार, शिल्ड, मेलड र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

प्रतियोगिताको प्रथम पुरस्कार प्रायोजकको रुपमा नेपाल एसबिआई बैंक तथा दोस्रो पुरस्कारको प्रायोजनको रुपमा ऐभरेष्ट बैंक रहेको छ ।

# किसानलाई अनुदानमा कृषि उपकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ चैत

कास्कीको पोखरा महानगरपालिकाले कृषकलाई अनुदानमा कृषि उपकरण वितरण गरेको छ । महानगरले किसानलाई आधुनिक उपकरण वितरणका साथै उनीहरूलाई यसको प्रयोगबारे जानकारीसमेत दिएको छ ।

चालु आर्थिक वर्ष २०७९/८० को बजेटबाट ५० प्रतिशत अनुदानमा विभिन्न उपकरण वितरण गरिएको पोखरा महानगरपालिकाका कृषि विकास महाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । महानगरले हाते ट्र्याक्टर दुई सय ६१ थान, कम्बाइन मिल ६२ थान, थ्रेसर छ थान, ग्रास कटर एक सय आठ थान, पावर स्प्रे ३० थान, तेल पेल्ने मेसिन छ थान र ड्याङ बनाउने मेसिन २९ थान अनुदानमा उपलब्ध गराएको छ । कृषि महाशाखाले पोखरा महानगरका २५ वडाका कृषकलाई मागका आधारमा ती उपकरण प्रदान गरेको हो । कृषिमा यान्त्रीकरण गरी उत्पादन बढाउने र लागत घटाउने उद्देश्यले महानगरले ती उपकरण अनुदानमा दिएको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो । किसानलाई खेती गर्न सहज होस् भनेर कृषि उपकरण प्रदान गरिएको हो । "किसानले गोरु पाल्न छाडे । परम्परागतरूपमा खेती लगाउँदा समय धेरै लाग्छ", प्रमुख आचार्यले भन्नुभयो, "खेतीलाई सरल र सहज बनाउन कृषि उपकरण दिएका हौँ । यसले समय कम लाग्छ । खर्च पनि कम हुन्छ ।" कृषिमा यान्त्रीकरण, व्यावसायीकरण र बजारीकरण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "कृषिमा यान्त्रीकरण गर्नसके लागत घट्छ, मुनाफा बढ्छ", आचार्यले भन्नुभयो ।

अनुदान सहयोगमा हाते ट्र्याक्टर प्राप्त गर्नुभएकी पोखरा महानगरपालिका-३३ की कृषक ज्योति गुरुङले समय र पैसा बचत हुने बताउनुभयो । "गाउँमा हाते ट्र्याक्टर थिएन । पालो कुरेर अरुलाई बोलाउनुपर्ने अवस्था थियो । अनि एक घण्टाको एक हजार रुपैयाँसम्म तिरियो, अब पैसा र समय बचत हुने भयो", उहाँले भन्नुभयो ।

# प्रदेश सरकारको गौरवको योजना निर्माणमा ढिलाइ

**पोखरापत्र संवाददाता**
पर्वत, ८ चैत

गण्डकी प्रदेश सरकारको एक निर्वाचन क्षेत्र एक गौरवको आयोजनाअन्तर्गत पर्वतमा सञ्चालित सडक आयोजना निर्माणमा ढिलाइ भएको छ ।

उक्त योजना दुई वर्षदेखि निर्माणाधिन अवस्थामा छ । जलजला गाउँपालिकाअन्तर्गत मिलनचोकबाट सल्यान घाहाखेत-धारापानी-ठोट्नेरी जोड्ने सडक हालसम्म अधुरै छ । ठेकेदार कम्पनीले समयमा काम नगर्दा सम्झौता अवधि सकिएको १८ महिना नाघिसक्दासमेत पनि कामले निरन्तरतापाउनसकेकोछैन।सडक कालोपत्रको शिलान्यासपछि केही काम भए पनि विगत दुई वर्षदेखि ठेकेदार कम्पनीको रूपमा रहेको हिमदुङ एण्ड थोकर निर्माण सेवा सम्पर्कविहीन बनेको छ ।

कम्पनीले २०७६ मङ्सिरमा रु २८ करोड १३ लाखमा १० किलोमिटर सडक स्तरोन्नति र कालोपत्रको जिम्मा लिएको थियो । गण्डकी प्रदेशको एक निर्वाचन क्षेत्र एक सडक आयोजनाअन्तर्गतको सो सडक २०७८ मङ्सिरमा निर्माण सम्पन्न गर्ने सम्झौतामा उल्लेख छ । म्याद थप गरेर आगामी असारसम्मको सम्झौता कायम गरिए पनि अहिलेसम्म काम सुरु नभएपछि स्थानीयवासीले विरोध जनाएका छन् । "अहिलेसम्म काम गर्ने सुरसार नै छैन", स्थानीय राजु आचार्यले भन्नुभयो, "निर्माण व्यवसायीलाई सम्पर्कमै ल्याउन सकिएको छैन । काम अघि बढाउन पूर्वाधार विकास कार्यालय र भौतिक योजना तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराए पनि सुनुवाइ भएको छैन ।" गाउँपालिका अध्यक्ष राजु आचार्यले पालिकाले पटक-पटक आग्रह गर्दासमेत सम्पर्कमा नआएको बताउनुभयो । सडक निर्माणलाई अधकल्चो बनाएर छाडिएकाले बस्तीमा पहिराको जोखिम बढेको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ डुडेफाँट असिबस्ती संरक्षण खोला नियन्त्रण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: डुडेफाँट असिबस्ती संरक्षण खोला नियन्त्रण**
**स्थान: पोखरा–२३ कास्की**
**कार्यालयको नाम: पो.म.न.पा. वडा नं. २३ नं. वडा कार्यालय**
**योजना सम्झौता मिति : २०७९/०९/२९ गते**
**योजना सम्पन्न मिति: २०७९/१२/०१ गते**
**योजनाको कुल लागत : रु. ५६१७९७.७५ ।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,००० ।–**
**जन सहभागितावाट : रु.६१७९७.७५ ।–**
**उपभोक्ता समिति अध्यक्ष: तारानाथ पराजुली**

**डुडेफाँट असिबस्ती संरक्षण खोला नियन्त्रण कार्य उपभोक्ता समिति पोखरा-२३, कास्की**


# 'म्याग्दी कप'को उपाधि पश्चिम म्याग्दी युवा क्लबलाई

**पोखरापत्र संवाददाता**
बेनी, ८ चैत

म्याग्दी सदरमुकाम बेनीमा सम्पन्न प्रथम 'म्याग्दी कप, २०७९' आमन्त्रित म्याग्दी लिग फुटबल प्रतियोगिताको उपाधि पश्चिम म्याग्दी युवा क्लबले जितेको छ । मङ्गलबार सम्पन्न फाइनल खेलमा कालीपुल युनाइटेड क्लबलाई पराजित गर्दै पश्चिम म्याग्दीले बाजी मारेको हो ।

निर्धारित समयको खेल गोलरहित बराबरीमा टुङ्गिएपछि थपिएको समयमा पनि दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको निर्णय पेनाल्टी सुटआउटका आधारमा गरिएको थियो । पेनाल्टी सुटआउटमा पश्चिम म्याग्दीले कालीपुल युनाइटेडलाई ६-५ गोलअन्तरले हरायो ।

# चैत्र नवरात्र सुरु, बागलुङ कालिकामा विशेष पूजा

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ चैत

बुधबारदेखि नवरात्र सुरु भएको छ । चैतेदशैंसमेत भनिने यस पर्वमा दुर्गा भवानीको विशेष उपासना गरिन्छ । आश्विन शुक्ल पक्षमा पर्ने दशैं अर्थात् बडादशैं जति भव्यरूपमा नमनाइए पनि चैतेदशैंमा बागलुङ कालिका मन्दिरमा भने विशेष पूजाआराधना हुने गरेको छ।

असोजमा पर्ने नवरात्रमा जस्तै चैतको नवरात्रमा पनि बागलुङ कालिकाको पूजाआराधना र बलि दिइने गरिन्छ । चैतेदशैंका अवसरमा कालिका भगवती मन्दिरमा पूजाअर्चना गर्नाले मनोकामना पूरा हुने विश्वासका साथ हिन्दू धर्मावलम्बीहरू मन्दिरमा पुग्ने गर्छन् ।

गण्डकी प्रदेशकै मुख्य शक्तिपीठका रूपमा रहेको बागलुङ कालिका मन्दिर दर्शन गर्दा मनले आँटेका सबै कुरा पूरा हुन्छ भन्ने विश्वासका साथ मन्दिर दर्शनार्थी आउने गरेको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो । "बागलुङ भगवतीमा विशेष शक्ति छ भन्ने मान्यताले भक्तजन यहाँ आउँछन्", खड्काले भन्नुभयो, "गुठीले नवरात्रमा मन्दिर आउने भक्तजनको सहजताका लागि आवश्यक व्यवस्थापन गर्छ ।" नवरात्रको अघिल्लो दिन मङ्गलबार मन्दिर परिसर सरसफाइ गरिएको छ । परिसरमा रहेका सत्तल, मठ र अन्य स-साना मन्दिरहरूसमेत चिटिक्क पारिएको छ । नवरात्रको समयमा हुने भिड र पूजा व्यवस्थापनका लागि गुठीका कर्मचारी परिचालन गरिने खड्काले बताउनुभयो । सुरक्षा व्यवस्था चुस्त बनाउन प्रहरीको सहायता लिइने उहाँले जानकारी दिनुभयो ।
चैतेदशैंका सन्दर्भ पारेर गुठीले मेलाको समेत आयोजना गरेको छ । मेला चैतको १३ गतेदेखि सुरु हुनेछ । मेला हेर्न र मन्दिरको दर्शन गर्न आउने गरी २० लाख पर्यटक बागलुङ भित्र्याउने लक्ष्य गुठीको छ । विगतमा चैत्राष्टमी मेला वस्तु विनिमयको केन्द्र पनि थियो ।

बागलुङमा उत्पादन भएका कृषि तथा हस्तकलाका सामग्री, भेडाको ऊनबाट निर्मित राडी-पाखी घुमलगायतका वस्तुहरूमा मेलामा राखिन्थ्यो । तराईबाट मसलालगायत अन्य वस्तुहरू ल्याएर सामग्रीहरू एकापसमा साटासाट गरेर मेलामा आफूलाई आवश्यक पर्ने वस्तुको जोहो गर्ने चलन थियो । लामो समयदेखि स्वतःस्फुर्त रूपमा चैतेदशैंको समयमा लाग्दै आएको मेला केही वर्षयता गुठीले औपचारिक कार्यक्रमको आयोजना गर्दै आएको छ ।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/१२/०८

यस कार्यालयबाट मिति २०७०/०६/२० मा कास्की जिल्ला पोखरा ०६ कास्कीमा संचालन गर्ने गरी पोखरा ०२ कास्की निवासी समिर शेरचनको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ९३७३/०७०/०७१ को आँखीझ्याल रेष्टुरेण्ट एण्ड बार नामक फर्मको संचालक श्री समिर शेरचनले फर्म संचालन गर्न नसक्ने भएकाले फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा निवेदकको निवेदन बमोजिम उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १२ सिटीभिटी आगाडिको बाटो ढलान कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: सिटीभिटी अगाडिको ढलान बाटो निर्माण**
**स्थान: पोखरा–१२, कास्की**
**योजना सम्झौता मिति : २०७९/११/०८ गते**
**योजना सम्पन्न मिति: २०७९/११/३० गते**
**योजनाको कुल लागत : रु. २२,८०,००० ।–**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१९,००,००० ।–**
**जन सहभागितावाट : रु.३,८०,००० ।–**

**डिल बहादुर कार्की**
**अध्यक्ष**

**सिटीभिटी अगाडिको ढलान बाटो निर्माण उपभोक्ता समिति पोखरा-१२, कास्की**



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# पोखरामा अनलाईन पत्रकारिता तालिम सञ्चालन हुने

रन्जिता आचार्य
पोखरा, ८ चैत

अनलाइन पत्रकार संघ गण्डकीको आयोजनामा आगामी बैशाख २ गतेदेखि ४ गतेसम्म अनलाईन पत्रकारिता तालिम सञ्चालन हुने भएको छ।

गणेश बरालको अध्यक्षतामा नवनिर्वाचति कार्यसमितिको बुधबार बसेको बैठकले पोखरामा अनलाईन पत्रकार संघ गण्डकीमा आवद्ध संचारकर्मी, पत्रकार र सम्पादकहरुलाई लक्षित गरि तालिम सञ्चालन गर्ने निर्णय गरेको हो । साथै कास्की जिल्लामा रहेर अनलाईन सम्बद्ध पत्रकार, संचारकर्मीहरुलाई संघमा समेट्ने नीति अवलम्बन गर्ने निर्णय अनुसार नयाँ सदस्यता आह्वान गर्न निर्णय गरिएको अनलाईन पत्रकार संघ गण्डकीका सचिव प्रल्हाद चन्द्र घिमिरेले जानकारी दिनुभयो ।कास्की जिल्लामा अहिले ९३ अनलाईन दर्ता भएर सञ्चालनमा रहेपनि ५२ जनामात्रै संघमा सदस्य रहेको कारण सबैलाई समेट्ने उद्देश्यले चैत मसान्तभित्र नयाँ सदस्यता वितरण गर्ने निर्णय गरेको हो। दर्ता भएका अनर्लाइनसम्बद्ध पत्रकार र संचारकर्मीलाई संघको नियमानुसार सदस्यता वितरण गर्ने र सदस्यहरुलाई तालिममा सहभागि गराइने उहाँको भनाई छ। सदस्यता लिन अनलाईनबाट सदस्यता फारम भर्न सकिने संघका अध्यक्ष बरालले बताउनुभयो। विधिवत दर्ता भएर संचालनमा रहेका अनलाइनका संचारकर्मी, पत्रकारहरुलाई संघमा आवद्द हुन अध्यक्ष बराललले अनुरोध गर्नुभएको छ । त्यस्तै बैठकले समितिको सल्लाहकारमा सागरराज तिमिल्सिना, प्रकाश ढकाल, केशव पाठक, रञ्जन अधिकारी, कमल सुवेदी र सन्देश श्रेष्ठलाई चयन गरेको छ । बैठकले संघको तेश्रो साधारसभा र दोश्रो अधिवेशन सम्पन्न गरि नयाँ कार्यसमिति चयन गर्न भुमिका खेलेका निवर्तमान कार्यसमिति, निर्वाचन समिति लगायत सम्पुर्ण सरोकारवालाहरुमा धन्यवाद ज्ञापन गरेको छ।

# दृष्टि पाएपछि वृद्धवृद्धा दङ्ग, चिकित्सकसँगै गीत गाएर नाचे

पोखरापत्र संवाददाता
म्याग्दी, ८ चैत

म्याग्दीको बेनीका ८४ वर्षीय दलबहादुर खड्का जीवनमै सबैभन्दा बढी खुसी हुनुहुन्छ । विगत पाँच वर्षदेखि मधुरो देख्ने तर कुनै व्यक्ति र वस्तुलाई चिन्न नसक्ने खड्का बेनीमा आज सम्पन्न तीन दिने निःशुल्क शिविरमा शल्यक्रिया गरेपछि स्पष्टसँग आँखा देख्नसक्ने हुनुभएको हो।

जिल्लाको बेनी नगरपालिका-२ खबराका खड्काले शल्यक्रियापश्चात स्पष्ट आँखा देख्ने भएपछि चिकित्सकसँग गीत गाएर नाच्दै खुसी व्यक्त गर्नुभयो । चिकित्सकले आँखाको शल्यक्रिया गरेपछि स्पष्टरूपमा आँखा देख्ने भएको खड्काले बताउनुभयो।

त्यसैगरी बेनी-९ घतानका डिलबहादुर विकले दुवै आँखा देख्न छाडेको एक वर्ष भएको थियो । बेनीमा निःशुल्क आँखा उपचार शिविरमा ७७ वर्षीय विकको दुवै आँखाको मोतियाविन्दुको शल्यक्रियापछि आँखा देखेपछि खुसी हुँदै चिकित्सककै अघि नाचेर रमाइलो गर्नुभयो। खड्का र विकजस्तै ८२ जना वृद्धवृद्धा आज शल्यक्रियापछि आँखाले संसार हेर्न पाउँदा दङ्ग पर्नुभएको छ । बेनी अस्पतालमा चैत ५ गतेदेखि सञ्चालन भएको शिविरमा ८२ जना मोतियाविन्दुको शल्यक्रिया गरिएको नेत्रज्योति सङ्घ म्याग्दीका सभापति अमरबहादुर बानियाँले बताउनुभयो । “धेरै मोतियाविन्दु वृद्धवृद्धामा देखिएको छ, मोतियाविन्दु भेटिएका सबैको शल्यक्रिया गरिएको छ” उहाँले भन्नुभयो।

नेत्रज्योति सङ्घ म्याग्दीको आयोजना, हिमालय आँखा अस्पताल पोखराको प्राविधिक र माइकल बाउर एण्ड फ्रेण्ड, बाँडेन बाँडेन जर्मनीको आर्थिक सहयोगमा सम्पन्न शिविरबाट आठ सय ६९ जनाको आँखाको परीक्षण गरिएको नेपाल नेत्रज्योति सङ्घ म्याग्दीका अध्यक्ष बानियाँले जानकारी दिनुभयो।

गाउँगाउँमा नेत्रज्योति सङ्घले आयोजना गरेको शिविरबाट भेटिएकामोतियाविन्दुकोशल्यक्रिया पनि बेनीमा सञ्चालित शिविरमा गरिएको उहाँको भनाइ थियो । बेनी-५ की ७० वर्षीया पार्वती बानियाँले देख्न छाडेको तीन वर्ष भए पनि मोतियाविन्दुको शल्यक्रिया गर्नुभएको थिएन । “पोखरा जाने समय र पैसा नहुँदा मोतियाविन्दुको शल्यक्रिया गर्न सकेकी थिइनँ,” उहाँले भन्नुभयो “बेनीमा मोतियाविन्दुको शिविर सञ्चालन भएपछि गुमेको ज्योति सस्तोमा शल्यक्रिया गरेर फर्किएँ।” यसअघि गत असोजमा १९ जनाको मोतियाविन्दुको शल्यक्रिया गरिएको थियो।


## तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/१२/०९)

**यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा ऋणको तिर्नु पर्ने भाखा भित्र संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।**

**तपशिलः**

| ऋणी सदस्यको नाम थर | धितो विवरण |
|---|---|
| शेर बहादुर कमरको बुहारी मिठुलाल कमरको श्रीमती कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. ९ घर भै हाल पोखरा म.न.पा.-३० बस्ने ऋणी : माया कमर<br>धनजमानतः शेर बहादुर खाँण ठकुरीको नाती मठिलाल खाँण ठकुरीको छोरा कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं.- ९ घर भै हाल पोखरा म.न.पा.-३० बस्ने बिराज खाँण ठकुरी<br>धनजमानत : मठिलाल खाँण ठकुरीको बुहारी बिराज खाँण ठकुरीको श्रीमती कास्की जिल्ला पोखरा उ.म.न.पा वडा नं.- ९ घर भै हाल पोखरा म.न.पा. -३० बस्ने चेतकुमारी खाँण ठकुरी | माया कमरको नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको साबिक शिशुवा गा.वि.स. वडा नं. ९ क कित्ता नं. ३५११ को क्षेत्रफल ०-७-१-० उक्त जग्गामा बनेको घर समेत |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com
Service Center: •Dulegaunda, Tanahun 065-414490 •Bhandradhik, Kaski 061-561775 •Mohoriya, Kaski 061-560903


# नेपालीपन झल्कने होटल पौवाको ११ औं शाखा पोखरामा संचालनमा

पोखरापत्र संवाददाता
पोखरा, ८ चैत

होटल पौवाको ११ औं शाखा पोखरामा संचालनमा आएको छ । रुपन्देहीको सालझण्डीबाट सुरु भएको उक्त होटलको ११ औं शाखा पर्यटकीय नगरी पोखरामा हालै संचालनमा ल्याएको बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो।

पोखराको लेकसाइडको स्ट्रिट नं. १ बाट आफ्नो ११ औं शाखा सञ्चालनमा ल्याएको पौवाले विविध कार्यक्रमका साथ पौवाले शाखा संचालनको औपचारिक शुभारम्भ गर्ने तयारी गरेको होटल पौवाका प्रबन्ध निर्देशक विष्णु ज्ञवालीले बताए। पोखरा शाखाको गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले यही चैत्र १० गते बिहान ९:३० बजे औपचारिक रुपमा उदघाटन गर्ने कार्यक्रम तय गरिएको प्रबन्ध निर्देशक ज्ञवालीले बताए । शुभारम्भको अवसरमा चैत १०, ११ र १२ गते ३ दिनमा फुड टेस्ट, पौवाका सबै शाखाका सेफहरुबीच अन्तरशाखा प्रतिस्पर्धा, नेपाली आतिथ्यताबारे सम्मेलनसहित विविध कार्यक्रम आयोजना हुने प्रबन्ध निर्देशक ज्ञवालीले बताए। बिषेश गरी नेपाल घुम्ने बाह्य र आन्तरिक पर्यटकको पहिलो रोजाई पोखरा भएको हुदाँ पोखरा आउने पर्यटकलाई परम्परागत नेपाली पहिचान सहितको सेवा दिने उद्देश्यले पौवाले पोखरालाई आफ्नो रोजाईमा पारेको प्रबन्ध निर्देशक ज्ञवालीले बताए।




नेपाली हस्पिटालिटी सहित पहिलो सेवा प्रारम्भ गरेको होटल पौवा प्रालीले पोखराको लेकसाईडमा आफ्नो आतिथ्य सेवा सुरु गरेको उनले जनाए। होटल पौवाले आगन्तुक पाहुनालाई आवासिय सहितको बास सहित गाँस र कुनै सभा सम्मेलन तथा कार्यक्रम समेत गर्नु पर्दा करिब ७० सिट क्षमता देखि एक हजार सिट क्षमताको सभाहल समेत हालै निर्माण गरेको छ । पहाडी तथा उच्च पहाडी भेगमा उत्पादीत बस्तुहरुको स्वास्थ्य व्रर्द्धक हाइजेनिक खाना उपलब्ध गराउने भएको प्रबन्ध निर्देशक ज्ञवालीले बताए। उनले भने 'पौवाले दिने आतिथ्य पोखरा आउने पर्यटकका लागि अविस्मरणीय हुनेछ, पोखराबासी र बाहिरका सबै पाहुनाहरुलाई पुनः पौवामै आउने, पौवामै बस्ने, पौवामै कार्यक्रम गर्ने बनाउन हामीले मन, वचन र कर्मले इमान्दारीपूर्वक सेवा सत्कार दिनेछौं ।'नेपाली पर्यटन उद्योगमा नेपाली हस्पिटालिटीको पहिलो प्रयोगका रुपमा 'होटल पौवा' सुरुवात भएको होटलका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले बताए । देश पर्यटनबाट समृद्ध बन्छ भन्ने सोचकै कारण पर्यटन क्षेत्रमा पौवाको आक्रमण बिस्तारमा जुटेको अध्यक्ष भण्डारीले बताए । अहिलेको अबस्थामा झन होटलमा लगानी गर्नु चुनौतीपुर्ण भएको उल्लेख गरेका उनले चुनौतीलाई अवसरमा रुपान्तरण गर्नका लागि होटल पौवाको विस्तार गर्दै पोखरा आइपुगेको दाबी गरे। आन्तरिक पर्यटक र बाह्य पर्यटकको सही संयोजन गर्न सके होटल व्यवसाय संचालन गर्न सकिन्छ भन्ने आफुहरुको अनुभव रहेकै कारण पोखरामा प्रवेश गरेको दाबी गरेका अध्यक्ष भण्डारीले पौवाले प्रदान गर्ने सेवा, सत्कार र आतिथ्यता सबै नेपालीपनको हुने प्रतिवद्धता जनाउने जनाए। नेपाली बजारमा विदेशी हस्पिटालिटी प्रयोग हुँदै आएको सन्दर्भमा पौवामा प्रवेश गर्ने जो कोही पाहुनाले नेपाली सत्कार, नेपाली संस्कार र नेपाली स्वादको अनुभूति गर्ने उनले बताए। होटल प्रवेश गरेदेखि बिदाई हुँदासम्म नेपालीपनको सेवा दिने उद्देश्यले नेपाली संस्कृति र संस्कार एवं नेपाली रैथाने स्वादको पहिचान दिनु पौवाको लक्ष्य रहेको उनले जनाए ।

पौवाले ११ औं शाखाको रुपमा पोखरामा करिब १० करोड लगानी गरेको अध्यक्ष भण्डारीले जनाए। उक्त होटलमा न्यूनतम ३ हजार ५ सय देखि ११ हजारसम्मका सुइट रुमहरु उपलब्ध भएको होटलले जनाएको छ । हालसम्म करिब ६० करोड होटलमा लगानी गरेको पौवाले करिब ३ सय भन्दा बढी कर्मचारीलाई रोजगार दिएको छ। हालसम्म १ सय ५० जना उक्त होटल पौवामा लगानी भएको अध्यक्ष भण्डारीले जनाए। सुन्दर गार्डेन सहितको सुविधा सम्पन्न होटल भवन मा सुपर डिलक्स र मिनी सुईट गरी ३९ वटा सुविधा सम्पन्न रुमहरु रहेको उनले जनाए । प्रत्येक कोठामा वातानुकुलित रहेका छन् भने उच्च गतिको इन्टरनेट सुविधा, कोठाबाटै माछापुच्छ्रे र अन्नपूर्ण हिमाल सहित शान्ति स्तुपा र रानीवनको सुन्दर दृश्यावलोकन गर्न सकिन्छ होटलले दाबी गरेको छ । पौवामा ५० बढी सवारी साधन पार्किङ गर्नसक्ने सुविधा रहेको छ भने सबैखाले सुविधायुक्त पौवा यस्ता कार्यक्रमहरु गर्न पोखरा र आसपासका बासिन्दाका लागि समेत सहज गन्तव्य बन्ने होटलका ब्राण्ड विभाग प्रमुख विष्णु भण्डारीले दाबी गरे । पौवाले चौबिसै घन्टा आतिथ्य सत्कारको सेवा दिदै आएको छ भने पूर्ण पारिवारिक वातावरणमा सञ्चालन हुने पौवाले पोखरा अन्तराष्ट्रिय विमानस्थल र बसपार्कसम्म ल्याउने/लैजाने ट्रान्सफरको सुविधा समेत उपलब्ध गरएको उनले जनाए । पौवा पोखराले मात्र ५० भन्दा बढिलाई प्रत्यक्ष रोजगारी दिएको छ भने पौवाको सेवाले पोखरा घुम्न आउने पर्यटकले नेपाल चिनाउने अवसरको रुपमा लिइएको ब्राण्ड प्रमुख भण्डारीले जनाए । उनले भने "होटलमा आउने अतिथि तथा ग्राहकको सन्तुष्टि नै हाम्रो सेवाको आदर्शको रुपमा लिएका छौ, आउँदै गरेको नेपाली नयाँ वर्षमा पौवाले स्वदेशी र विदेशी पर्यटकलाई लक्षित गरी विशेष छुट सहितको प्याकेज सेवा उपलब्धको तयारमा रहेका छौं ।" विश्व शान्तिका दुत गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट सुरु गरेको यात्रा पौवाले एक दशकमा १०० शाखा विस्तारको योजना सहित मिशन १०० योजना बनाएको होटल पौवा पोखरासहित अहिलेसम्म देशभर ११ स्थानमा सञ्चालनमा ल्याएको छ। अतिथि देवो भवः भन्ने मान्यतालाई आत्मसात गर्दै पौवाले गण्डकी प्रदेशको राजधानी पोखराबाट संघीय राजधानी काठमाडौं र मानसरोवर कैलास यात्राको मुख्य प्रवेशद्वार नेपालगन्जमा समेत सेवा विस्तार गर्न लागेको छ।

कपिलवस्तुको गोरुसिङ्गे, दाङको भालुवाङ, लमही र घोराही, कर्णाली प्रदेशको जुम्ला, पाल्पाको तानसेन, गुल्मीको रेसुङ्गा र सुदूरपश्चिम प्रदेशको धनगढी पछि ११ औ शाखाका रुपमा पोखरा गन्तब्य बनाएको पोखरा शाखाका व्यवस्थापक राजेन्द्र बस्यालले बताए। होटल पौवाले नेपाली चार्ड पर्वलाई हर्स र उल्लाहासका साथ मनाउदै आएको छ।

# क्रिकेटर केसी र भण्डारीलाई गृह जिल्लामा सम्मान

पोखरापत्र संवाददाता
बागलुङ, ८ चैत

क्रिकेटर करण केसी र सुवास भण्डारीलाई गृह जिल्ला बागलुङमा नगदसहित सम्मान गरिएको छ। जिल्लाको बागलुङ नगरपालिकाले राष्ट्रिय टोलीका सदस्य करण र यू-१९ टोलीका सदस्य सुवासलाई सम्मान गरेको हो।

नेपाली क्रिकेटलाई विश्वकप छनोटमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने करणलाई रु एक लाख र यू-१९ विश्वकप छनोटमा नेपाललाई विश्वकपसम्म पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने सुवासलाई रु ५० हजार नगदसहित सम्मान गरिएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो।

करण बागलुङ नगरपालिका-८ सिगानाका हुन् भने सुवास काठेखोला गाउँपालिका-१ पालाका हुन्। बागलुङमा जन्मेर नेपालको प्रतिनिधित्व गरी अन्तर्राष्ट्रियस्तरमा खेलमार्फत देशको नाम राख्न सफल भएकाले खेलाडीलाई सम्मान गरिएको खड्काले बताउनभयो। उहाँले राष्ट्रिय खेलाडीको प्रोत्साहन र अन्य खेलाडीलाई पनि हौसला प्रदान गर्ने उद्देश्यले सम्मान गरिएको बताउनुभयो । करण नेपाली सिनियर राष्ट्रिय क्रिकेट टोलीका फास्ट बलर तथा अलराउण्डर हुन् भने सुवास यू-१९ क्रिकेट टोलीका स्पिनर हुन्।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः २००७/०२/२५ गते

स्व. प्रेम बहादुर बराल

स्वर्गारोहणः २०७९/११/२७ गते

पोखरा महानगरपालिका वडा नं. १३ को लामटारी सामुदायिक वन उपभोक्ता समुहका उपाध्यक्ष **प्रेम बहादुर बराल** को ७२ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तबध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**लामटारी सामुदायिक वन उपभोक्ता समुह परिवार**
**पोखरा-१३**